# नेपाल व्यापार सर्वेक्षण, २०७८ का प्रमुख नतिजा सम्बन्धी प्रेस विज्ञप्ती

## पृष्ठभुमि

अर्थतन्त्रका प्रमुख क्रियाकलापहरुमध्ये ब्यापार क्षेत्र पनि एक हो। यस क्षेत्रलाई आन्तरिक र बाह्य व्यापार गरी दुई भागमा बाँड्न सकिन्छ। आन्तरिक व्यापार अन्तरगत मुलुकभित्र हुने विभिन्न वस्तु तथा सेवाको थोक तथा खुद्रा व्यापार सम्बन्धि क्रियाकलापहरु पर्दछन्। मुलुकको अर्थतन्त्रमा थोक तथा खुद्रा व्यापार क्षेत्रको यस्ता आर्थिक क्रियाकलापहरुले महत्वपूर्ण योगदान पुर्याईरहेका हुन्छन्। यसै सन्दर्भमा आन्तरिक व्यापार अन्तरगत मुलुकभित्र हुने वस्तुहरुको थोक तथा खुद्रा व्यापार क्षेत्रको अवस्थाबारेमा अध्ययन गरी आधारभूत तथ्याङ्क उपलब्ध गर्न साविकको केन्द्रीय तथ्याङ्क विभागवाट आ.व. २०६५/६६ सालमा पहिलो व्यापार सर्वेक्षण संचालन गरिएको थियो भने दोस्रो सर्वेक्षण १४ वर्षपछि आ.व २०७८/७९ सालमा संचालन गरिएको हो।

## सर्वेक्षणको प्रमुख उद्देश्य र विधि

यस सर्वेक्षणको प्रमुख उद्देश्य विभिन्न वस्तुहरुको खरिद तथा विक्री गर्दा हुने व्यापार अन्तर (Trade Margin) अनुमान र व्यापारिक प्रतिष्ठानहरुको रोजगारी, तलब/ज्याला, पूँजी निर्माण आदि तथ्याङ्क आंकलन गर्नु रहेको छ। यसबाट प्राप्त नतिजाहरुको विश्लेषणबाट व्यापार क्षेत्रमा रहेको विद्यमान अवस्थाको चित्रण हुन गई सरकारलाई वाणिज्य नीतिमा सामयिक सुधार र परिमार्जन गर्न वस्तुनिष्ठ आधार तयार हुनुका साथै यस क्षेत्रमा सरोकार राख्ने उद्योगपति, व्यापारी, अनुसन्धानकर्ता योजनाविद् तथा नीति निर्माता समेतको लागी उपयोगी हुने छ।

राष्ट्रिय आर्थिक गणना २०७५ बाट प्राप्त मुलुकभित्र रहेका सरकारी निकायमा दर्ता भएका तथा दर्ता नभई अनौपचारिक रुपमा संचालन भएका ४,९८,०५८ व्यापारिक प्रतिष्ठानहरुको सूचीबाट स्तरीकृत नमूना छनोट विधी अवलम्बन गरि १८,००० व्यापारिक प्रतिष्ठानहरु छनोट गरिएको थियो जसमध्ये १५,२९९ बाट तथ्याङ्क संकलन हुनसक्यो।

## प्रमुख नतिजाहरु

सर्वेक्षण अनुसार मुलुकभित्र रहेका थोक तथा खुद्रा व्यापार गर्ने जम्मा ४,९८,०५८ व्यापारिक प्रतिष्ठानहरु मध्ये करीब ६८ प्रतिशत कुनै न कुनै प्रकारको सरकारी निकायमा दर्ता भएका छन् भने करीब ३२ प्रतिशत प्रतिष्ठानहरु दर्ता नगरी संचालन भईरहेका छन्। यस क्षेत्रमा जम्मा ११,३०,६४५ जना मानिसहरु संलग्न (Person Engaged) छन्। जसमध्ये महिला ४,०३,९६४ जना (३६%) र पुरुष ७,२६,६८१ जना (६४%) रहेका छन्। यसलाई सय प्रतिष्ठानमा हेर्दा औसत १४६ जना पुरुष र ८१ जना महिला रोजगारीमा रहेको देखियो भने एक प्रतिष्ठानमा औसतमा २ जना कामदार कार्यरत रहेका पाईयो। यसै गरि यस क्षेत्रमा संलग्न जम्मा कामदारहरु मध्ये तलब ज्याला र अन्य सुविधा पाउने कामदारहरुको संख्या २,१९,५५१ (१९.४२%) रहेको छ। जसमा महिला ४५००९ जना (३९.४०%) र

पुरुष १,७४,५४२ जना (६०.६०%) रहेको देखियो। सर्वेक्षणले यस क्षेत्रमा तलव ज्याला र अन्य सुविधा लिई काम गर्ने भन्दा तलव ज्याला र अन्य सुविधा नलिई (परिवारका सदस्य) काममा संलग्न रहेका व्यक्तिको संख्या बढि रहेको देखिएको छ। त्यस्तै तलवी कामदार भएका व्यापारिक प्रतिष्ठानको तलव ज्याला र अन्य सुविधामा प्रति प्रतिष्ठान औसत वार्षिक रु ६,०४,९१२ खर्च भएको देखिएको छ भने प्रति कामदार औसत बार्षिक रु २,०८,४९४ खर्च देखिन्छ।

नेपालस्तरिय औद्योगिक वर्गिकरण (Nepal Standard Industrial Classification-Ver 4) खण्ड G को मुख्य विभाजन ४५ मोटर, मोटरसाईकल आदिको थोक तथा खुद्रा बिक्री र मर्मत ४६ थोक व्यापार (मोटर, मोटरसाईकल बाहेक) ४७ खुद्रा व्यापार (मोटर, मोटरसाईकल बाहेक) मा क्रमश: २४ प्रतिशत, १३ प्रतिशत र १८ प्रतिशत Trade Margin रहेको सर्वेक्षणले देखाएको छ ।सर्वेक्षण अनुसार व्यापारिक प्रतिष्ठानको आफ्नो मुख्य कार्यबाहेक अन्य क्रियाकलापबाट जम्मा रु २.४ अर्ब अन्य अम्दानी भएको पाइयो र प्रति प्रतिष्ठान औसत अन्य अम्दानी रु ६९ हजार पाइयो। त्यसै गरि व्यापारिक प्रतिष्ठानको संचालन खर्च जम्मा रु १३३ अर्ब र प्रति प्रतिष्ठान औसत संचालन खर्च रु २६४ हजार देखिएको छ।

**नेपाल व्यापार सर्वेक्षण, २०२२ का प्रमुख प्रदेशगत सुचकहरु**

| प्रदेश | व्यापारिक प्रतिष्ठानको संख्या | सरकारी निकायमा दर्ता भएका व्यापारीक प्रतिष्ठान (%) | व्यापारिक प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या | व्यापारिक प्रतिष्ठानमा संलग्न महिला जनशक्ति (%) | महिलाको नाममा रहेको व्यापारिक प्रतिष्ठान (%) | औषत ट्रेड मार्जिन (%) | औषत वार्षिक तलव (प्रति तलवी कामदार, रु) | औषत वार्षिक संचालन खर्च (प्रति प्रतिष्ठान, रु) |
|---|---|---|---|---|---|---|---|---|
| कोशी | ८९,०२३ | ६१.५१ | १९०,४२४ | ४०.२६ | ३१.७० | १६.७७ | २०७,४२३ | १५५,२८३ |
| मधेश | ७४,२२२ | ५१.७७ | १६१,५५३ | २३.०० | १०.८० | १९.३४ | १८४,०६५ | १२६,८०१ |
| बागमती | १४४,४४० | ७५.३० | ३७२,०२६ | ३८.१४ | ३१.३० | १८.३७ | २१८,४३६ | ४७०,३४० |
| गण्डकी | ५०,५७५ | ७४.९० | १०६,९८२ | ४४.०८ | ३५.१० | २०.०९ | २०१,४५४ | २३८,७२८ |
| लुम्बिनी | ८३,६७२ | ७३.१४ | १८५,०५१ | ३१.०५ | २१.५० | १७.९५ | १९६,२९७ | १८१,९७० |
| कर्णाली | २२,७२८ | ६६.१८ | ४७,६५२ | ४५.९० | २४.८० | १९.९० | १९३,०९४ | २४३,७९६ |
| सुदुरपश्चिम | ३३,३९८ | ७१.१६ | ६६,९५७ | ३२.४७ | १८.५० | १८.३६ | १९८,४७६ | २२९,३९९ |
| नेपाल | **४९८,०५८** | **६८.२३** | **१,१३०,६४५** | **३५.७३** | **२५.८०** | **१८.५३** | **२०८,४९४** | **२६४,३७३** |


डा. हेमराज रेग्मी

प्रवक्ता

राष्ट्रिय तथ्याङ्क कार्यालय


२०८० माघ २६